प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, ओखलढुंगा
प्रदेश नं. १
कार्यक्षेत्र : ओखलढुंगा

पत्र संख्या : २०७८/७९
च.नं. :

## पुनः प्रस्ताब आव्हान सम्बन्धी सुचना

सूचना प्रकाशन मिति : २०७८/०६/०६
प्रस्ताब दर्ता गर्ने अन्तिम मिति : २०७८/०६/२०

यस कार्यालयको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गर्नु पर्ने तपसिलका कृषि व्यवसाय प्रवर्द्धन अनुदानका कार्यक्रमहरु "(कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ र पहिलो संशोधन २०७७/१२/११)" बमोजिम तोकिएका शर्तहरु पालना गरि कार्यक्रम कार्यान्वयन गर्न ओखलढुंगा जिल्ला भित्रका इच्छुक कृषक/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी /कृषि विकास सम्बन्धी समितिहरुलाई प्रथम पटक मिति २०७८/०५/०३ गते प्रस्ताब आव्हान सूचना प्रकाशन गरिएकोमा देहायका कार्यक्रमको लागि पर्याप्त संख्यामा आबेदन दर्ता नभएको हुँदा पुनः प्रस्ताब आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) दिन भित्र सम्बन्धित कार्यविधिको ढाँचामा र कार्यालयको निर्दिष्ट फारम बमोजिम कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र ओखलढुंगामा आबेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आबेदनहरु दर्ता गराइने छैन ।

### कार्यक्रम विवरण

| सि.नं. | कार्यक्रमको नाम | परिणाम/ संख्या | अनुदान रकम | प्रस्ताब पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | बीउबिजन आत्मनिर्भर कार्यक्रम(पहिलो वर्ष) | २ | बढीमा ७५% सम्म वा अधिकतम २ लाख अनुदान प्रति गोटा | बिउ उत्पादक कृषक समुह/निजि बिउ उत्पादक उद्यमी/ कृषि सहकारी संस्था |
| २ | गडचौली मल उत्पादन तथा प्रांगारिक मल सुधार कार्यक्रम | २ | बढीमा ७५% सम्म वा अधिकतम ७ लाख अनुदान प्रति गोटा | कृषक समुह/कृषि सहकारी संस्था |
| ३ | एकीकृत कृषि सिकाई केन्द्र संचालन कार्यक्रम | १ | बढीमा ७५% सम्म वा अधिकतम ७ लाख अनुदान प्रति गोटा | कृषक समुह/कृषि सहकारी संस्था |
| ४ | एक पालिका एक नर्सरी | ४ | बढीमा ७५% सम्म वा अधिकतम १ लाख ५० हजार अनुदान प्रति गोटा | कृषक समुह/सहकारी संस्था /निजि उद्यमी |
| ५. | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ४ | बढीमा ७५% सम्म वा अधिकतम १ लाख अनुदान प्रति गोटा | कृषक/ कृषक समुह/कृषि सहकारी संस्था/ सामुदायिक बिउ बैंक व्यवस्थापन समिति |

२०७८/६/६
निमित्त कार्यालय प्रमुख

Scanned with CamScanner

संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु :

१. निबेदन साथ रु १० को हुलाक टिकट ।
२. संस्था/समूह/सहकारी/समिति दर्ताको प्रमाणपत्र, नवीकरण, गत आ.व.को कर चुक्ता, PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. आबेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि(समूह/सहकारीको हकमा संचालक समितिको ) ।
४. सहकारीको हकमा गत आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि ।
५. समूह/सहकारीको हकमा संचालक समितिको निर्णयको प्रतिलिपि ।
६. खेति गर्ने जग्गाको धनिपुर्जाको प्रमाणित प्रतिलिपि ।
७. जग्गा भाडामा लिएर खेति गर्नेको हकमा जग्गा भाडामा लिएको करारनामा ।
८. स्थानीय वडा कार्यालयको सिफारिस ।
९. स्थानीय तह कृषि शाखाको सिफारिस ।
१०. सम्बन्धित कार्यक्रम सम्बन्धी प्राबिधिक ज्ञान/तालिम/अनुभव भए त्यस प्रमाणको प्रतिलिपि ।
११. आवेदकले दोहोरो पर्ने गरि यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र ।
१२. निबेदन तथा सम्क्षिप्त कार्ययोजना सम्बन्धी ढांचा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र ओखलढुंगाको टोल फ्री नं. १६६०३७५२००० वा फोन नं. ०३७५२०१३० मा सम्पर्क राखु हुन वा कृषि विकास निर्देशनालय प्रदेश नं १ को वेभसाइट www.doadp1.gov.np वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ बिराटनगरको वेभसाइट www.molmac.p1.gov.np बाट "कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६(पहिलो संशोधन २०७७/१२/११)" डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

आबेदन दस्तुर संस्थागत प्रति आबेदन रु २००/- कृषि ज्ञान केन्द्र ओखलढुंगाको राष्ट्रिय बाणिज्य बैंक ओखलढुंगामा रहेको राजश्व खाता नं. १०००२०००१००००, कार्यालय कोड ३१२११००११, राजश्व शीर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर आबेदन साथ पेश गर्नु पर्ने छ ।

नोटः एकीकृत सिकाई केन्द्रका लागि राजमार्ग क्षेत्रलाई बिशेष प्राथमिकता दिईनेछ ।

२०७८/६/२८
निमित्त कार्यालय प्रमुख

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ओखलढुंगा

प्रदेश नं. १
कार्यक्षेत्र:- ओखलढुंगा

पत्र संख्या:- ०७८/७९
च.नं.:- १२६

मिति: २०७८।०६।०६

विषय:- सूचना टाँस गरी जानकारी पठाई दिनु हुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुंगा ।
श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा
श्री भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगा ।
श्री सिद्धिचरण नगरपालिका, ओखलढुंगा ।
श्री चिशंखुगढी गाउँपालिका, सेर्ना, ओखलढुंगा ।
श्री मोलुङ गाउँपालिका, प्राप्चा, ओखलढुंगा ।
श्री खिजिदेम्बा गाउँपालिका, खिजीफलाटे, ओखलढुंगा ।
श्री मानेभन्ज्याङ गाउँपालिका, मानेभन्ज्याङ, ओखलढुंगा ।
श्री सुनकोशी गाउँपालिका, मूलखर्क, ओखलढुंगा ।
श्री चम्पादेवी गाउँपालिका, टापकेडाँडा, ओखलढुंगा ।
श्री लिखु गाउँपालिका, यसम, ओखलढुंगा ।

प्रस्तुत विषयमा आ.व.०७८/७९ मा यस कृषि ज्ञान केन्द्र, ओखलढुंगाबाट संचालन हुने कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धि प्रस्ताव आव्हान सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । उक्त सूचना पत्र ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँस गरिएको जानकारी पत्र यस कार्यालयलाई पठाई सहयोग गरी दिनु हुन अनुरोध छ । साथै न.पा/गा.पा.वाट मातहतका वडा कार्यालयहरुमा समेत सूचना पठाई टाँस गर्ने व्यवस्था गरिदिनु हुन अनुरोध छ ।

..................
हेम बहादुर आले मगर
निमित्त कार्यालय प्रमुख



Scanned with CamScanner